नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या:- ०७७/७८
चलानी नम्बर:-

मिति:- २०७८/०३/०१

## मनसुनजन्य विपद् सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, मकवानपुरको अनुरोध

यस वर्षको मनसुन शुरू भइसकेको र मनसुन अवधिमा भारी वर्षाको सम्भावना रहेकोले जिल्लाभित्र पर्ने बागमती नदी (राईगाउँ र भोर्लेनी), रासी नदी, सामरी खोला, मनहरी खोला, लोथर खोलामा पानीको सतह बढ्नसक्ने सम्भावना रहेको हुँदा सो आसपासका क्षेत्रमा बाढी, डुबान तथा नदी कटानको उच्च जोखिम रहेको छ । साथै, जिल्लाभित्रका पहाडी क्षेत्रमा पहिरो समेत जानसक्ने जोखिम रहेकोले मनसुनजन्य विपद्का घटनाबाट सुरक्षित रहन तपशीलबमोजिम गर्न, गराउन हुन जिल्ला प्रशासन कार्यालय, मकवानपुर सबैमा हार्दिक अनुरोध गर्दछ ।

तपशील:-

१. मनसुन सक्रिय अवधिभर बाढी, डुबान र पहिरोका कारण जोखिमयुक्त स्थानहरूमा विशेष सावधानी अपनाउने । साथै, नदी, खोला किनार एवं पहिरो आसपास बसोबास गर्ने बासिन्दा उच्च सतर्क रहने ।
२. बाढी, पहिरो र डुबान हुने क्षेत्रमा नजाने, नदी र खोलाहरूमा माछा मार्ने, पौडी खेल्ने, काठ दाउरा संकलन गर्ने लगायतका कुनै पनि कार्यहरू नगर्ने ।
३. अत्यावश्यक सामग्री (जस्तै- खानेकुरा, कपडा, औषधी, पानी आदि) हरूको आवश्यक भण्डारण गर्ने ।
४. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भई उच्च जोखिममा रहेका व्यक्तिहरूको सुरक्षामा विशेष ध्यान दिने ।
५. विषालु सर्पको टोकाईबाट जोगिन आवश्यक सुरक्षा सतर्कता अपनाउने ।
६. आफू रहेको स्थानमा के-कस्तो जोखिमको सम्भावना रहेको छ भन्ने सम्बन्धमा विभिन्न सञ्चार माध्यमहरूबाट नियमित जानकारी लिने । साथै, मौसम सम्बन्धी जानकारीका लागि निम्न जल तथा मौसम विज्ञान विभागको वेवसाईट **www.hydrology.gov.np** र गृह मन्त्रालयको **drrportal.gov.np** नियमित अवलोकन गर्ने ।
७. कोभिड-१९ संक्रमणको जोखिम यथावत नै रहेको हुँदा जनस्वास्थ्यका मापदण्डहरू अनिवार्यरूपमा पूर्ण पालना गर्ने, गराउने ।
८. आफ्नो आसपासको ठाउँमा बाढी, पहिरो, डुबान, कटानको जोखिम देखिए सुरक्षा निकाय, पालिका एवं जिल्ला विपद् व्यवस्थापन समितिलाई तुरून्त खबर गर्ने ।

**महत्वपूर्ण सम्पर्क नम्बरहरू:-**

प्रमुख जिल्ला अधिकारी: ९८५५०२७७७७, प्रमुख सेनानी: ९८५५०१५६५५, प्रहरी उपरीक्षक: ९८५५०४५५५५, सशस्त्र प्रहरी उपरीक्षक: ९८५१२७२३९५, जिल्ला प्रशासन कार्यालय सूचना अधिकारी देबचन्द्र गतौंला: ९८५१०९३६८६, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र: ०५७-५२४७१२ ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी